जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १५८ | ०७ चैत्र २०८०, बुधबार | 20 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

## महोत्तरीमा होलीको चहलपहल

*मनिषा शर्मा*

*महोत्तरी चैत ६ गते ।*



मधेश प्रदेश लगायत महोत्तरीमा होलीको चहलपहल बढ्न थालेको छ ।मिथिलाका महाकुम्भ मानिने १५ दिने मिथिला माध्यमिक परिक्रमा महोत्तरीको कञ्चनवनमा आएर स्थान गरी रङ अबिर खेलेपछि मिथिलामा होलीको चहलपहल बढ्न थालेको हो ।संसारकै लामो यात्रा मानिएको १५ दिने माध्यमिकी परिक्रमाअन्तर्गत महोत्तरीको कञ्चनवनमा साधु, सन्त, महात्माले भगवान् रामचन्द्र र सीता माताको प्रतिमामा रङ, अबिर हालेपछि सम्पूर्ण मिथिलाञ्चलमा विधिवत् रूपमा होली प्रारम्भ भएको हो । हाम्रो मिथिलाञ्चलमा होली पर्वलाई एउटा ठुलो मनोरन्जन पर्वको रुपमा मनाउने गर्दछन । यो पर्वमा पहिला भएको झैं झगडा ,मनमुटाव , द्वन्द भुलेर एक आपसमा रंग अविर लगाएर मनोरन्जन गर्ने परम्परा रहेको गौशाला नगरपालिका वडा न. निवासी हरि नारायण ठाकुरले बताए ।उनले भने , "होली पर्व रंगको प्रतिकको पर्व हो । हामी एक अर्काप्रतीको दोस दुस्मनी भुलेर रंगको जस्तै रंगिएर प्रेम भाव बढाउछौ ।"प्रत्येक वर्ष फागुन पुर्णिमाको दिन यो पर्व मनाउने गरिन्छ । यो पर्व धर्म शास्त्रको आस्था पनि बोकेको उनले बताए ।

## महोत्तरीमा मिटरब्याजीको ११ करोड १५ लाखभन्दा बढीको मिलापत्र

*महोत्तरी चैत ६ गते ।*




महोत्तरीमा परेको मिटरब्याजीसम्बन्धी निवेदनमाथि कारबाही गरी ११ करोड १५ लाखभन्दा बढीको मिलापत्र गराइएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले दिएको जानकारीअनुसार महोत्तरीका विभिन्न ठाउँबाट आएको अनुचित लेनदेन (मिटरब्याजी)सम्बन्धी विवादमा ११ करोड १५ लाख ३८ हजार चार सय ९२ को मिलापत्र गराइएको हो ।

उहाँका अनुसार जिल्लामा कुल दुई हजार आठ सय ३० मिटरब्याजसम्बन्धी निवेदन आएकामा ऋणी र धनी दुवै पक्षलाई बोलाएर एक हजार तीन सय ३९ निवेदनउपर छलफल गराई सात सय ५९ निवेदनमा मिलापत्र गराउन सफल भएर सो रकम बराबरको मिलापत्र गराइएको हो । ऋणीबाट साहुद्वारा लिइएको २० बिघा १३ धुर जग्गा पनि तिनै छलफलमार्फत फिर्ता गराउन सफल भएको प्रहरी नायब उपरीक्षक गिरीले बताउनुभयो ।

अहिले जिल्ला प्रहरी कार्यालयमा मिटरब्याजीसम्बन्धी निवेदनमाथि दैनिक निरन्तर छलफल, सुनुवाइ र कारबाही प्रक्रिया तीव्र गतिले अगाडि बढाएको छ । निवेदनमा मिलापत्र गर्ने-गराउने सङ्ख्यामा दिनानुदिन वृद्धि भइरहेको छ। पछिल्लो एक महिना (फागुनभरि)मा मात्रै जिल्ला प्रहरी कार्यालय एक सय ८६ निवेदनमाथि छलफल गराउँदा एक सय ५५ निवेदनमा मिलापत्र गराउन सफल भएको हो। ती निवेदनबाट चार करोड ९० लाख एघार हजार तीन सय ३४ को मिलापत्र र सात बिघा १३ धुर hldg lkmf{u/fOPsf]5 . *रासस*

MOST URGENT DEMAND FOR QATAR

कम्पनी
A TO Z SERVICE

INTERVIEW ON
20 MAR 2024



APPLY NOW
- POST:- INDOOR CLEANER
- SALARY :- 1000+300
- DUTY :- 8 HRS / 26 DAYS
- NORMAL ENGLISH SPEAKING

प्री र फाइनल अन्तर्वार्ता चैत ७ गते भोली बिहान ८ बजे देखि सुरु हुनेछ।

NEW RAM JANAKI TRAINING CENTER
BARDIBAS -14 MAHOTTARI

9817838138,9862251067,9800863131,9802003637,9802003638

भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

Diploma in civil
Engineering (class 9 to 12 )

हाम्रा विशेषताहरु :
- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



आवश्यक कागजातहरु :
कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म
Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850

दिपक पार्टी प्यालेस एण्ड होटल
बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*याँहा विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*


टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।
सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

# सम्पादकीय

**शिक्षण पेसाको उन्नयन**

शिक्षा पूर्वाधारको पनि पूर्वाधार, विकास एवं समृद्धिको आधार र आर्थिक सामाजिक रूपान्तरणको माध्यम हो। किनकि विकास र समृद्धि ज्ञान र सिपयुक्त दक्ष मानव संसाधनबिना सम्भव छैन। मानव संसाधन विकासका आधारशीला विद्यालय हुन्। शिक्षक यसको मुख्य कर्ता हो। विषयवस्तुको ज्ञान र शिक्षण कौशलमा पोख्त, कामप्रति उत्प्रेरित, सिर्जनशील र पेसाप्रति उत्तरदायी शिक्षकबिना विद्यालय शिक्षाले समाजको माग पूरा गर्न सक्दैनन्। यसका लागि शिक्षण पेसामा उच्च शिक्षाका मेधावी र अब्बल उत्पादन भित्र्याउनु पर्छ। शिक्षण पेसामा अब्बल र उम्दा जनशक्ति भित्र्याउन यसलाई मर्यादित र थप आकर्षक बनाउनु पर्छ अर्थात् शिक्षण पेसाको उन्नयन र यसको गरिमाको पुनरोत्थान हुन जरुरी छ। प्रथमतः शैक्षिक जनशक्ति योजना निर्माण गरेर शिक्षक तयारीबाटै योजनाबद्ध प्रयास हुनु आवश्यक छ। हाल विश्वविद्यालयले स्नातक (बिएड) र स्नातकोत्तर (एमएड) तहको उच्च शिक्षाका माध्यमबाट शिक्षक तयारी गरिरहेका छन्। शिक्षक तयारी कोर्समा सैद्धान्तिकका साथसाथै व्यावहारिक अभ्यास पनि उत्तिकै हुन आवश्यक छ तर सो अनुरूप हुन सकिरहेको छैन। शिक्षण कौशल, शैक्षिक सामग्रीको पहिचान, निर्माण र प्रयोग, कक्षा व्यवस्थापन, विद्यार्थीको विविधता र सिकाइ आवश्यकताको पहिचान र सो अनुरूप सिकाइ वातावरण निर्माण जस्ता विषयमा प्रयोगात्मक अभ्यास पर्याप्त मात्रामा हुने गरी वर्तमान पाठ्यक्रममा परिमार्जन गर्नु पर्छ।

# पेस्तोलसहित दुई भारतीय 'मस्ट वान्टेड अपराधी' पक्राउ



सर्लाही, चैत ६ गते । सर्लाही प्रहरीले दुई भारतीय 'मस्ट वान्टेड अपराधी' लाई पेस्तोल र गोलीसहित नियन्त्रणमा लिएको छ। विशेष सूचनाका आधारमा प्रहरीले बरहथवा नगरपालिका-६, मगर टोलबाट एक थान अमेरिकन पेस्तोल र ६ राउण्ड गोलीसहित भारतको सितामढी थाना सैयारा ग्राम सैयारा बस्ने २८ वर्षीय सन्नीकुमार सिंह र मोतिहारी गङ्गापिपरा बस्ने २४ वर्षीय जितेन्द्र कुमार राउतलाई पक्राउ गरेको हो । उनीहरू दुवै भारतीय प्रहरीको 'मस्ट वाण्टेड अपराधी' को सूचीमा रहेका जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

सोमबार राति पौने ९ बजेतिर सन्नीकुमार र जितेन्द्रको बरहथवास्थित कोठामा प्रहरी पुगेर खानतलासी लिन खोज्दा जितेन्द्रले आफ्नो साथमा रहेको पेस्तोलबाट एक राउण्ड गोली फायर गरेका थिए । तत्कालै इलाका प्रहरी कार्यालय बरहथवाबाट प्रहरी नायब उपरीक्षक (डिएसपी) मुक्तिनाथ सापकोटाको नेतृत्वमा खटिएको प्रहरी टोलीले घर घेरा हालेर दुवै जनालाई नियन्त्रणमा लिन सफल भएको हो ।

घटनास्थलबाट एक थान पेस्तोल, त्यसमा लाग्ने एक थान म्यागिजन, ६ राउण्ड गोली र फायर भएको गोलीको एक थान खोका बरामद भएको प्रहरीले जनाएको छ । दुवैलाई पक्राउ गरी सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रहरी कार्यालयतर्फ ल्याउँदै गर्दा बसबरिया गाउँपालिका-६, पोखरियाबाट जितेन्द्रकुमार प्रहरीको नियन्त्रणमा भाग्न खोज्दा गोली प्रहार गर्नुपरेको प्रहरीले जनाएको छ ।

गाडीबाट भाग्ने क्रममा जितेन्द्रलाई पाँच राउण्ड गोली फायर गरी नियन्त्रणमा लिइएको सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) दयानिधि ज्ञवालीले जानकारी दिनुभयो । जितेन्द्रको बायाँ घुँडा र दाहिने तिघ्रामा दुई राउण्ड गोली लागेको छ ।

घाइते जितेन्द्रलाई प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपश्चात् जनकपुर रेफर गरिएको प्रहरी उपरीक्षक ज्ञवालीले बताउनुभयो। जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा रहेका सन्नीकुमार सिंहलाई भने मङ्गलबार बिहान पत्रकार सम्मेलन गरी बरामद पेस्तोल र गोलीसहित सार्वजनिक गरिएको छ ।

जितेन्द्रलाई नियन्त्रणमा लिनेक्रममा प्रहरी जवान रमेश विक र प्रहरी जवान दीपेश चौहान घाइते हुनुभएको छ। घाइते दुवै जवानको अवस्था सामान्य रहेको सर्लाही प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिनुभयो ।

नरेन्द्र र सन्नीकुमार भारतमा दुईवटा कर्तव्य ज्यान, एउटा ज्यान मार्ने उद्योग र एउटा लागूऔषध मुद्दामा फरार अपराधी रहेको प्रहरीले जनाएको छ। नेपाली भूमिमा समेत उनीहरूले बैङ्क तथा सहकारी लुटपाटमा संलग्न भएको तथा कसैको हत्या गर्न 'सुपारी किलर' को रूपमा समेत आएको हुनसक्ने आशङ्कासहित सूक्ष्म ढङ्गले अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक ज्ञवालीले बताउनुभयो ।**गोरखापत्र**


## विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि
रेडियो जुनतारा१०३.४ मेगाहर्ज
गौशाला महोत्तरी
सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह
सम्पर्क न. :९८२९९३६३९८


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |


## स्वास्थ्य सन्देश

१. वर्षायाम सँगै औलो, कालाजार, डेंगु, जापनिज इन्सेफ्लाइटिस र हात्तीपाईले, जस्ता रोगहरू फैलन सक्ने हुदा यी रोगवाट बच्न निम्न उपायहरू अपनाऔं ।

- घर आँगन सधै सफा राखौं ।
- घर वरिपरिका खाल्डा खुल्डी पुरेर पानी जम्न नदिऔं ।
- पुरा बाहुला र शरिर ढाक्ने लुगा लगाऔं ।
- प्लास्टिक तथा टिनका बट्टाहरू, टायर, गमला तथा कुलरमा पानी जम्न नदिऔं ।
- घरको झ्याल ढोकामा जाली लगाऔं ।
- सुत्दा झुलको प्रयोग गरौं ।
- ज्वरो आएमा नजिकको स्वास्थ्य संस्थामा जचाउन जाऔं ।

पिपरा गाउँपालिका
पिपरा ,महोत्तरी

## जनजाति महोत्सवले सांस्कृतिक निकटता बढ्यो

***रवीन्द्र उप्रेती***

***बर्दीबास, चैत ६ गते ।*** चौथो बर्दीबास जनजाति महोत्सव सम्पन्न भएको छ। फागुन २४ गतेदेखि सुरु भएको महोत्सवले करोडभन्दा बढीको कारोबार गर्दै मङ्गलबार समापन भएको जनाइएको छ।



बर्दीबास नगरप्रमुख प्रह्लाद क्षेत्रीले समापन समारोहलाई सम्बोधन गर्नुहुँदै जनजाति महोत्सवले सांस्कृतिक निकटता बढाउनुका साथै जनजातिका पहिचानलाई स्थापित गर्न र शिथिल बनेको अर्थतन्त्रलाई केही मात्रामा भए पनि चलायमान गराउन सफल भएको बताउनुभयो ।नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् महोत्तरीले आयोजना गरेको चौथो महोत्सव एक लाखभन्दा बढीले अवलोकन गरेको गरेको जनाइएको छ । आयोजक सङ्घका अध्यक्ष धननारायण श्रेष्ठका अनुसार महोत्तरीमा बसोबास गर्ने मगर, भुजेल, तामाङ, नेवार, थारु, दनुवार, राई, मण्डल, माझीलगायत नौ प्रकारका जनजातिको उत्साहजनक सहभागिताले महोत्सवलाई जीवन्त बनाएको बताउनुभयो । महोत्सवले जनजातिका भेषभूषा, संस्कृति र पहिचानलाई पुनर्जीवन प्रदान गरेको बताउनुभयो । उहाँका अनुसार महोत्सवमा अनुमानित एक करोडभन्दा बढीको व्यापारिक कारोबार भएको छ ।ग्रामीण कलाकारको जातीय विविधतासहितको धार्मिक सांस्कृतिक झाँकी, लोकसंस्कृतिमा आधारित गीत, नृत्य र रहनसहनका प्रस्तुतिले महोत्सवको सुनमा सुगन्ध थपेको थियो ।स्थानीय पहिचान र उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले विगत चार वर्षदेखि मधेश प्रदेशकै 'ब्राण्ड' बनेको जनजाति महोत्सव योपटक भने आर्थिक मन्दीको मारमा परेको व्यवसायीको दुःखेसो छ।महोत्सव ठेकेदार ढावा लामाले यो वर्ष अपेक्षाकृत दर्शक नै नआएको बताउनुभयो । उहाँका अनुसार १५ दिने महोत्सवमा दुई लाख जति दर्शक आउने अनुमान गरिए पनि आधा जतिले मात्र अवलोकन गरेका थिए ।महोत्सवमा थारु, मगर, नेवार, दनुवार लगायतका जनजातिले पहिचानसहितको विविध सांस्कृतिक कार्यक्रमको आयोजनाले महोत्सवलाई जीवन्त र स्मरणीय बनाएको थियो ।

## मधेशबाट ८१ हजार ७६८ विद्यार्थी एसईई दिने

***चैत ६ गते ।***
मधेश प्रदेशबाट यस पटकको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा क ८१ हजार ७६८ जना विद्यार्थी सहभागी हुने भएका छन् । एसइई चैत १५ गतेदेखि सुरु हुनेछ ।



शिक्षा विकास निर्देशनालय जनकपुरका अनुसार आठ जिल्लामा गरी २९५ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ भने २९५ केन्द्राध्यक्ष, ५३० सहायक केन्द्राध्यक्ष, चार हजार ९२ निरीक्षक, ८०७ परीक्षा सहायक, एक हजार ६३९ जना कार्यालय सहयोगी गरी जम्मा सात हजार ६५८ जना कर्मचारी खटाइने छ। परीक्षामा मधेश प्रदेशको आठ जिल्लामध्ये सबभन्दा बढी विद्यार्थी धनुषामा छन् । यहाँ ४८९ जना प्रविधिक तर्फका गरी १२ हजार २१४ जना विद्यार्थी एसईई दिने शिक्षा विकास निर्देशनालय जनकपुरले जनाएको छ । धनुषामा परीक्षार्थीका लागि ४३ वटा परीक्षा केन्द्र तोकिएको छ । यसै गरी, सबभन्दा कम विद्यार्थी सङ्ख्या सप्तरीमा छ । यहाँ नौ हजार ३२३ जना विद्यार्थी एसईईमा सामेल हुने भएका छन् । त्यस्तै, सिराहामा १० हजार ९२३, महोत्तरीमा नौ हजार ४३१, सर्लाहीमा १० हजार ८९६, रौतहटमा ९ हजार ४६९, बारामा नौ हजार ४४४ र पर्सामा १० हजार ६८ विद्यार्थीले एसईईमा सहभागी हुने छन् । शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक दिलीपकुमार ठाकुरले परीक्षाका लागि आवश्यक तयारी भइरहेको बताउनुभयो । आवश्यक तयारी करिब तयारी पुरा भएका बताउँदै मधेश प्रदेशका सबै जिल्लामा शिक्षा विकास तथा समन्वय इकाई कार्यालयमा उत्तरपुस्तिका र प्रश्नपत्र जिल्लास्थित जिल्ला प्रहरी कार्यालयमा पठाइएको जानकारी दिनुभयो । निर्देशक ठाकुरले परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्ष रुपमा सम्पन्न गराउन आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला परीक्षा समन्वय समितिले निरीक्षण, अनुगमन गरिने बताउनुभयो । त्यस्तै, मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायतका निकायलाई समेटेर प्रदेशस्तरीय अनुगमन टोली बनाएर अनुगमन गरिने जानकारी दिनुभयो।

## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। स्वादिष्ट भोजन पाइनेछ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज शुभकार्यको चर्चा चल्नेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ। वशिष्ठ व्यक्तिको साथ पाइनेछ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। सामाजिक कार्यमा मन जाला। कूटनीतिक नियोगको सहयोग मिल्ला।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) आज शुभ कार्यमा सरिक भइनेछ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। कुनै कुराले मनमा शान्ति छाउला। अचल सम्पत्तिको कारोबार हुनेछ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। आफन्तको प्रगतिमा मन रमाउनेछ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज दैनिक कार्यमा सफलता पाइनेछ। राजनैतिक, सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) आज महिलाहरूबाट विशेष सहयोग मिल्नेछ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आफन्तका बीचमा खटपट, चिन्ता र शङ्का उब्जनेछ। आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला।

**मकर** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन।

## भंगहाका युवा नेता साहको निधन

***चैत ६ गते ।***
धनुषामा मोटरसाइकल दुर्घटना हुँदा भंगहा नगरपालिकाका युवा नेता कैलास साहको मृत्यु भएको छ। भंगहा नगरपालिका ५ का ३५ वर्षीय कैलास लोसपाका भंगहा वडा नं. ५ का अध्यक्षसंगै निर्माण व्यवसायी थिए। उनी सबार मधेश प्रदेश ०२-००७ प ४२६४ नम्बरको मोटरसाइकल गए राति जनकपुर-ढल्केवर सडक खण्ड अन्तर्गत मिथिला नगरपालिका ६ स्थित बसही खोलाको पुलमा दुर्घटना भएको थियो । जनकपुर तर्फ आउन लागेको बेला राति साढे १२ बजे दुर्घटना हुँदा गम्भीर घाइते उनलाई उपचारको लागि ढल्केवर स्वास्थ्यचौकी पश्चात प्रादेशिक अस्पताल जनकपुरमा लगिएको थियो । उपचारको क्रममा राति करिब ३ बजे उनको मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले बताए।उनका अनुसार मोटरसाइकमै सवार अन्य एक व्यक्ति मोटरसहित फरार छन्। फरार व्यक्तिको खोजी र घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।



## बीरगन्जबाट ब्राउन सुगरसहित चार जना पक्राउ

बीरगन्जबाट प्रहरीले लागूऔषध खैरो हेरोइन (ब्राउन सुगर ) सहित चार जनालाई पक्राउ गरेको छ । बीरगन्जको दुई छुट्टा छुट्टै स्थानबाट प्रहरीले एक युवतीसहित चार जनालाई पक्राउ गरेको हो।

बीरगन्ज महानगरपालिका वडा नम्बर १६ रजतजयन्ती चोकस्थित सडकमा प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरी टोलीले शंकास्पद अवस्थामा भारतबाट नेपालतर्फ आउँदै गरेका चितवनको भरतपुर महानगरपालिका-१७ निवासी २४ बर्षीय अमित गुरुङ र २४ बर्षीया सुनिता विकलाई १ ग्राम खैरो हेरोइनसहित पक्राउ गरेको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले बताए।

यस्तै बीरगन्ज महानगरपालिका वडा नम्बर १५ स्थित सडकमा प्रहरीले बा.९५ प २३०३ नम्बरको स्कुटी रोकेर चेकजाँच गर्दा त्यसमा सवार दुई युवकपनि खैरो हेरोइनसहित पक्राउ परेको थापाले बताए।पक्राउ पर्नेमा रौतहटको चन्द्रपुर नगरपालिका- ५ का २४ बर्षिय सेजल श्रेष्ठ र पर्साको जिराभवानी गाँउपालिका-२ का १९ बर्षिय विजय साह रहेका छन् । उनिहरुको साथबाटपनि १ ग्राम खैरो हेरोइन बरामद भएको प्रहरी नायब उपरीक्षक थापाले बताए।

खैरो हेरोइनसहित पक्राउ परेका चारै जना विरुद्द लागु औषधसम्बन्धी कसूरमा थप अनुसन्धान कार्य भइरहेको थापाले बताए।


भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

PG To Grade 6

नेपाल सरकार द्वारा मान्यता प्राप्त

"Excellent education is our passion"

ADMISSION OPEN

जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल

शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,
आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,
जि.डी.एम. स्कूल, अब तपाईकै शहरमा हार्दिक स्वागत गर्दछौं।

हाम्रा विशेषताहरू:

- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेस्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

**Why choose us?**

- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe invironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल
G.D.M. ENGLISH BOARDING SCHOOL
संस्कारयुक्त शिक्षा
PG To Grade 6
Gaushala-5, Mahottari Near to Brahamsthan
Contact.-9801605172, 9815840565, 9867807469
gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# २० वर्षमा बिहे गरे ५० हजार नगद

*रवीन्द्र उप्रेती*
*बर्दीबास, चैत ६ गते ।*



बर्दीबास नगरपालिकाले २० वर्ष उमेर पुगेर विवाह गर्ने मुसहर समुदायका दम्पतीलाई प्रोत्साहनस्वरुप ५० हजार रुपियाँ सहयोग गर्ने भएको छ ।नगरप्रमुख प्रहलाद क्षेत्रीले बर्दीबास १४ स्थित एकीकृत नमुना मुसहर बस्तीमै पुगेर मङ्गलबार यस्तो घोषणा गर्नुभएको हो । मुसहर समुदायमा व्याप्त बालविवाह निर्मूल गर्न नगद सहयोग दिने निर्णय गरिएको उहाँले बताउनुभयो।

नगद प्रोत्साहनले नवविवाहित दम्पती र तिनका परिवारलाई जीविकोपार्जनमा सहयोग पुग्नुका साथै बालविवाह विरोधी अभियान प्रभावकारी हुने अपेक्षा गरिएको छ ।उहाँले मुलुकी अपराध संहिता ०७८ अनुसार बालविवाह दण्डनीय अपराध भएको जनाउँदै २० वर्ष उमेर नपुगी विवाह गरे गराए स्वतः बदर हुनुका साथै तीन वर्ष कैद तथा ३० हजार जरिवाना हुने कानुनी व्यवस्थाबारे पनि समुदायलाई जानकारी दिनु भयो ।"अब बालविवाह गरेर सजायको भागी हुने कि सम्मानसहित ५० हजार रुपियाँ थाप्ने ?" नगरप्रमुख क्षेत्रीले प्रश्नसहित समुदायसँग आग्रह गर्नुभयो, "तपाईहरुको सहयोगले नै बर्दीबासलाई बालविवाह मुक्त नगर बनाउन मद्दत पुग्ने हुँदा आजैबाट यो कुप्रथा अन्त्य गर्ने प्रतिबद्धता गरौं ।"वडा नं १४ का वडाध्यक्ष विजय महतोले बालविवाहले बच्चालाई शिक्षा, स्वास्थ्य र पोषणलगाएतको अधिकारबाट वञ्चित गराउने हुँदा यस्ता कुप्रथा उन्मुलन सबैको दायित्व भएको बताउनुभयो ।

यो व्यवस्था आजैका मितिबाट लागू भएको जनाउनुहुँदै उहाँले ५० हजार नगद हात पार्न 'बिहेवारी २० वर्ष पारि' लाई सबैले आत्मसात् गरी यो नमुना मुसहर बस्तीलाई साँच्चैको नमुना र उदाहरणीय बनाउन आग्रह गर्नुभयो । "यसले बालविवाह उन्मूलन र सचेतीकरण अभियानलाई बल मिल्ने विश्वास लिएका छौं" महतोले भन्नुभयो ।नगरपालिकाको ५० हजार पुरस्कारको घोषणाले आर्थिक सामाजिकरुपमा पछि परेको मुसहर समुदायमा भने तरङ्ग ल्याएको छ। समुदायका अधिकांशले यसलाई स्वागत गरेका छन् भने कतिपयले यो कठिन र जटिल भएको प्रतिक्रिया दिएका छन् ।समुदायका मुखिया बिल्टु सदाले प्रोत्साहन भत्तालाई बालविवाह नियन्त्रण गर्ने प्रेरक कदम भएको धारणा राख्नुभयो । विपन्न परिवारका लागि ५० हजार ठूलो राशी भएकोले यसले समुदायमा सकारात्मक सन्देश गएको उहाँले बताउनुभयो।गाउँका अर्का युवा वसन्त सदाका अनुसार मुसहर समुदायमा १४/१५ वर्ष नपुग्दै भागी बिहे गर्ने कुप्रथा व्याप्त भएकाले यसलाई निर्मूल पार्न सीप र शिक्षामा जोड दिनुका साथै किशोरकिशोरीलाई मोबाइलको कुलतबाट पनि मुक्त गर्नुपर्ने उहाँको भनाइ छ।काम छैन, सीप छैन, शिक्षा पनि छैन तर हातहातमा मोबाइल छ । किशोर किशोरीमा फोनबाटै कुरा मिलाउने र भाग्ने प्रवृत्ति बढ्दै गएको उहाँले सुनाउनुभयो ।"गरिब दुखियाका लागि ५० हजार भनेको ठूलो चीज होल तर प्रेमको अन्धोले धन देख्दैन जोडीमात्र देख्छ । त्यसैले पुरस्कार दिने भन्दैमा बालविवाह समाप्त भइहाल्ने सोच्नु गलत जस्तो लाग्छ" सदाले भन्नुभयो।

# मौसम परिवर्तन सँगै रुघाखोकी तथा ज्वरोका बिरामी हत्वात्तै बढे



मौसममा आएको परिवर्तन सँगै पर्साको ग्रामीण भेगमा बिरामीको सङख्यामा हुन थालेको छ । बिहान-बेलुकाको समयमा चिसो हुने तथा मध्यान्हपछि गर्मी बढ्दा जिल्लाका ग्रामीण भेगमा बिरामीको सङ्ख्या ५० प्रतिशतले वृद्धि भएको हो ।

ग्रामीण भेगमा अहिले रुघाखोकी, भाइरल ज्वरो तथा झाडापखाला, आखाँ चिलाउने तथा पाक्ने रोगका बिरामी बढिरहेको चिकित्सकहरुले बताएका छन् । जिल्लाको ठोरी, जीराभवानी, जगरनाथपुर, धोबिनी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका तथा पर्सागढी नगरपालिकाका नागरिक यो रोगका कारण ग्रसित छन् ।

जीराभवानी गाँउपालिका वडा नम्बर २ शान्तिनगरका देवीका श्रेष्ठ छोरीलाई ज्वरो तथा गलफूल (गलसुवा) ले सताएको बताउँछिन् । वार्षिक परीक्षा चलिरहेकै समयमा छोरी बिसन्चो भएकोमा उनको दुखेसो छ । गाउँमा रुघाखोकी र झाडापखालाका प्रकोप भै फैलिएको जगरनाथपुर-१ पिपरडाढीका राजकिशोर चौधरीको भनाइ छ ।जिराभवानी गाउँपालिका वडा नं २ स्थित सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादले पहिलेको तुलनामा अहिले रुघाखोकी, भाइरल ज्वरो, झाडापखालाका बिरामी ५० प्रतिशतले बढेको बताए । त्यस्तै पटेर्वासुगौली गाँउपालिका वडा नम्बर २ मा रहेको गादी स्वास्थ्य चौकीका इन्चार्ज रियाज मियाँका अनुसार पहिले उपचार गराउन १०/१५ जना बिरामी आउने गरेकोमा तर अहिले त्यो सङ्ख्या बढेर २५ देखि ३० जना पुग्ने गरेको जानकारी दिए ।उनीहरुमध्ये सबैभन्दा बढी बिरामी रुघाखोकी, ज्वरो र झाडापखालाको हुने गरेको उनको भनाइ छ ।यस विषयमा सखुवाप्रसौनी गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेश्वर प्रसाद रौनियार मौसमा परिवर्तन आउँदा यस्ता रोगका बिरामी बढ्नु सामान्य भएको प्रतिक्रिया दिए ।उनले भने,' मौसममा परिवर्तन आउँदा रुघाखोकी तथा ज्वरोका बिरामी बढ्नु स्वभाविक कुरा हो, सोही कारण यो समयमा सबैले सरसफाई, खानपानमा ध्यान दिनुपर्दछ ।'उनले यो समयमा प्रशस्त पानीको सेवन गर्न, पोसिलो तथा फलफूल अत्याधिक खान सुझाव दिएका छन् । ।स्वास्थ्य समस्या देखिए नजिकैको स्वास्थ्य चौकीमा जाँच गराउन र चिकित्सकहरुको सल्लाह बमोजिक औषधीको सेवन गर्न रौनियारको सुझाव छ ।


## बलवा नगरपालिकाद्वारा
### जनहितमा जारी संदेश

३. नसर्ने रोगहरुको जोखिम कम गर्न स्वस्थ जीवनशैली अपनाउऔं

- सुर्तीजन्य पदार्थ तथा मदिरा सेवन नगरौं ।
- शरिरको मोटोपन घटाउन नियमित व्यायाम गरौं ।
- उचाई अनुसार शरिरको तौल कायम गरौं ।
- चिल्लो, गुलियो, नुनिलो कम खाने गरौं ।
- दैनिक ५ ग्राम भन्दा कम नुन खाने गरौं
- मानसिक तनाव नलिऔं र रिसाउने बानी नगरौं ।
- अन्न, दाल, गेडागुडी, दुध, दही, माछा, बोसो नभएको मासु, अण्डा सहितको सन्तुलित खाना र हरियो सागसब्जी, फलफुल प्रशस्त रुपमा खाने गरौं ।
- कोल्ड ड्रिङ्कस, गुलिया पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खानेकराहरु नखाऔं ।

बलवा नगरपालिका
बलवा ,महोत्तरी



## भर्ना खुल्यो ।। भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।

**सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म नि:शुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।**

हाम्रा बिशेषताहरु
नि:शुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

## राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला -४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१९१८८७६६

"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर
email:gaushalakhabar6684@gmail.com मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०१९०८,९८२७८५३६५०